*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# समकालीन नेपाली गद्यकवितामा वर्णविन्यासवक्रता

**खिलप्रसाद बराल (निमेष निखिल)**

उपप्राध्यापक

नेपाली विभाग

मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा, मकवानपुर ।

*(nimeshnikhil@yes.my)*

DOI: **https://doi.org/10.3126/irjmmc.v2i2.38153**
Received: May 09, 2021; Revised & Accepted: May 20, 2021; Published: June 30, 2021
© Copyright: Baral (2021).

**सार**

*पूर्वीय साहित्यशास्त्रमा आचार्य कुन्तकद्वारा प्रतिपादित वक्रोक्तिसिद्धान्त मूलतः एउटा समन्वयशील सिद्धान्त हो । पूर्ववर्ती आचार्यहरूका मान्यतासमेतलाई समाहित गर्ने गरी प्रस्तुत गर्न खोजिएको यस सिद्धान्तमा कुन्तकले वक्रोक्तिका विभिन्न छ भेद तथा तिनका उपभेदहरूको चर्चा गरेका छन् । यस लेखमा उनले प्रस्तुत गरेका वक्रोक्तिका छ भेदहरूमध्ये वर्णविन्यासवक्रताका आधारमा केही समकालीन नेपाली गद्यकविताहरूको अध्ययन विश्लेषण गरिएको छ । यसका लागि सर्वप्रथम वक्रोक्तिसिद्धान्त र वर्णविन्यासवक्रताका बारेमा सङ्क्षिप्त सैद्धान्तिक चर्चा गरिएको छ । त्यस्तै समकालीन नेपाली गद्यकवितामा वर्णविन्यासवक्रताको प्रगोग कसरी भएको छ भन्ने सन्दर्भलाई स्पष्ट पार्न विभिन्न समकालीन कविका कवितांशलाई उहाहरणका रूपमा प्रस्तुत गरी तिनमा पाइने वर्णविन्यासवक्रताको अध्ययन विश्लेषण गरिएको छ । विक्रम संवत् सत्तरीको दशकयता प्रकाशित कविताहरूमा केन्द्रित यस अध्ययनमा वर्णविन्यासवक्रताका छवटै भेदहरूका आधारमा कविताहरूको विश्लेषण गरिएको छ । प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको प्रयोग गरी वर्णनात्मक पद्धतिअनुसार विवेच्य सामग्रीहरूको विश्लेषण गरिएको छ । मूलतः निगमनात्मक पद्धतिमा आधारित यस अध्ययनबाट समकालीन नेपाली गद्यकवितामा पूर्वीय काव्यशास्त्रमा वर्णित वर्णविन्यासवक्रताको सफल र सार्थक प्रयोग पाइने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**

गद्यकविता, वक्रोक्ति, वर्णविन्यासवक्रता, समकालीन ।

## १. विषय परिचय

प्रस्तुत लेख समकालीन नेपाली गद्यकवितामा वर्णविन्यासवक्रताको प्रयोग कुन रूपमा भएको छ भन्ने विषयमा केन्द्रित रहेको छ । त्यसैले यो विषय समकालीन नेपाली कवितामा पाइने वर्णविन्यासवक्रताको अध्ययन तथा विश्लेषणसँग सम्बन्धित छ । वक्रोक्तिसिद्धान्त संस्कृत काव्यशास्त्रका प्रमुख काव्यसिद्धान्तमध्ये एक हो । आचार्य कुन्तकद्वारा दसौँ-एघारौँ शताब्दीतिर प्रतिपादित यो सिद्धान्त पूर्वीय काव्यशास्त्रको एक महत्तम उपलब्धि मानिन्छ । त्यसैगरी समकालीन नेपाली गद्यकविता भन्नाले मूलतः वर्तमान समयमा लेखिएका र लेखिँदै गरेका कविता नै हुन् । त्यसैले आजभन्दा झन्डै एक हजार वर्षअगाडि प्रतिपादन भएको वक्रोक्तिसिद्धान्तका आलोकमा वर्तमान समयमा लेखिएका र लेखिँदै गरेका आधुनिक नेपाली

*International Research Journal of MMC (IRJMMC)*
Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

गद्यकविताको अध्ययन विश्लेषण गरिनु औचित्यपूर्ण रहेकाले यो आलेख सान्दर्भिक ठहर्छ । यस विषयमा हालसम्म केही छिटपुट कार्य मात्र भएकाले पनि यस क्षेत्रमा बढीभन्दा बढी खोजअनुसन्धान गरिनु आवश्यक देखिएकाले यो अध्ययन गर्न लागिएको हो । यसर्थमा शैक्षिक र प्राज्ञिक रूपमा पनि यो अध्ययन महत्त्वपूर्ण हुने अपेक्षा राखिएको छ । त्यसैले समकालीन नेपाली गद्यकवितामा वक्रोक्तिसिद्धान्तअन्तर्गत पर्ने वर्णविन्यासवक्रताको प्रयोग के कसरी भएको छ भनेर खोजी गर्ने मूल उद्देश्यमा यो लेख केन्द्रित रहेको छ ।

## २. अध्ययन विधि तथा सीमा

प्रस्तुत लेख तयार गर्नका लागि पुस्तकालयीय सामग्री सङ्कलन पद्धतिको उपयोग गरिएको छ । यसका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएका छन् । साक्ष्य वा उदाहरणका रूपमा चयनित कविताहरू प्राथमिक स्रोतका सामग्री हुन् भने वक्रोक्तिसिद्धान्तका विषयमा लेखिएका लेख, रचना, यस विषयमा भएका वूर्ववर्ती कार्यहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् । सामग्रीको विश्लेषणका लागि मूलतः वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यो लेखको अध्ययन ढाँचा निगमनात्मक रहे पनि कतिपय सन्दर्भमा यहाँ आगमनात्मक ढाँचाको समेत प्रयोग गरिएकाले यसको अध्ययन विधि मिश्रित रहेको छ । सामग्री सङ्कलनका लागि वि.सं. २०७० पछि प्रकाशनमा आएका र नेपाली गद्यकविताका क्षेत्रमा सुपरिचित केही कविहरूका कवितांशलाई यादृच्छिक नमुनाका रूपमा छनोट गरिएको छ । कविताहरू छनोट गर्दा कम्तीमा एउटा सङ्ग्रह (एकल वा संयुक्त) प्रकाशन भएका कविहरूलाई मात्र छनोट गरिएको छ । यो सीमित अध्ययन भएकाले यहाँ सबै समकालीन कविहरूका कविताहरूको अध्ययन गरिएको छैन र त्यो सम्भव पनि छैन । कविताहरूको छनोट गर्दा केही अग्रज र नयाँ पुस्ता दुवै थरीलाई समेट्ने प्रयास गरिएको छ । सङ्कलित कवितांशहरूको अध्ययनका लागि वक्रोक्तिसिद्धान्तअन्तर्गत वर्णविन्यासवक्रताका प्रकारहरूलाई मात्र आधार बनाइएको छ । विवेच्य कवितांशमा रहेका वर्णविन्यासवक्रताहरूको खोजी गरी स्थापित सिद्धान्तका आधारमा कवितामा प्रस्तुत वर्णविन्यासवक्रतालाई प्रमाणित गर्ने पद्धति यस आलेखमा अपनाइएको छ । वर्णविन्यावक्रताबाहेक अन्य वक्रोक्तिका प्रकारहरूलाई अध्ययनमा समेटिएको छैन । सोद्देश्यमूलक नमुना छनोटका माध्यमबाट लिखित र प्रकाशित सामग्रीलाई मात्र अध्ययन विश्लेषण गरिएका कारण यो गुणात्मक अध्ययन हो ।

## ३. वक्रोक्ति र वर्णविन्यासवक्रता : सैद्धान्तिक पर्याधार

काव्य चिन्तनको पूर्वीय तथा पश्चिमी दुवै परम्परामा कविता प्राचीनतम विधा हो । बिम्बात्मक, प्रतीकात्मक र आलङ्कारिक भाषिक कलाका माध्यमबाट अभिव्यक्त हुने जीवनका अनुभवको लयात्मक अभिव्यञ्जनालाई कविता भनिन्छ । यस परिप्रेक्ष्यमा कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ अनि यो सौन्दर्यपरक लयात्मक भाषिक अभिव्यक्तिको वाङ्मय पनि हो र भाषिक प्रयोगक्षेत्रको लयात्मक सौन्दर्यउपज पनि हो (त्रिपाठी र अन्य, २०६५, पृ. १५) । संसारमा कविता लेखनका गद्य र पद्य दुई शैलीहरू प्रचलनमा छन् । संस्कृतका वर्णमात्रिक छन्द वा अन्य निश्चित लयसंरचनामा लेखिने कविता पद्यकविता हुन् भने स्वतन्त्र वा मुक्तलयमा लेखिएका कविता गद्यकविता हुन् ।

'समकालीन' शब्दले 'एकै समयको' भन्ने अर्थ दिन्छ । तथापि साहित्यका सन्दर्भमा 'समकालीन' शब्दलाई एकै समयको मात्र भनेर अर्थ्याउँदा यसको अर्थ सीमित हुन पुग्छ । यसले निश्चित समयबिन्दुका समान अभिलक्षण र विशेषतासमेतलाई सङ्केत गर्छ । परिवर्तित समय र वर्तमानका अभिलक्षण र विशेषता हुनु समकालीन/समकालीनताको प्रमुख अभिलक्षण हो (गौतम, २०६६, पृ. ७४) । समकालीन भन्नाले एकै समयको र समान विशेषता भएको भन्ने बुझिने भएकाले यसको अर्थ र व्याप्ति निकै फराकिलो देखिन्छ । किनकि एउटा असी वर्षको कवि भर्खरै कविता लेख्न थालेको कविको पनि समकालीन हुन सक्छ र आफूभन्दा पचास वर्षअगाडि दिवङ्गत भइसकेका कुनै कविको समकालीन पनि हुन सक्छ ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

पूर्वीय काव्यशास्त्रमा वक्रोक्तिसिद्धान्तका प्रवर्तक दसौँ शताब्दीको पूर्वार्धतिरका आचार्य कुन्तक हुन् । 'वक्रोक्ति' शब्द 'वक्र' र 'उक्ति' दुई शब्दहरू मिलेर बनेको समस्त शब्द हो । 'वक्र'को अर्थ बाङ्गो, टेढो वा घुमाउरो भन्ने हुन्छ भने 'उक्ति' भनेको कथन वा भनाइ हो । यसरी सामान्य अर्थमा वक्रोक्ति भनेको टेढो, बाङ्गो वा घुमाउरो भनाइ हो भन्ने बुझिन्छ । सुन्दा सामान्य लाग्ने भनाइभित्र लुकेको विशिष्टार्थलाई द्योतन गर्ने किसिमको विशेषार्थ सङ्केतक भनाइलाई यस सन्दर्भमा वक्रोक्ति भन्न सकिन्छ । सामान्य वा प्रचलित अभिधार्थभन्दा फरक, विशिष्ट र चमत्कारपूर्ण कथनलाई वक्रोक्ति मान्न सकिन्छ ।

'नेपाली बृहत् शब्दकोश'अनुसार वक्रोक्ति भनेको शिष्ट शब्दद्वारा गरिने उपहास वा व्यङ्ग्य, काव्यमा काकु वा श्लेषद्वारा भिन्न अर्थ गर्दा पर्ने एक अर्थालङ्कार हो (पोखरेल तथा अन्य २०७५, पृ. ११२८) । यो अर्थले भनाइको विशिष्ट कलालाई सङ्केत गरेको छ । 'नेपाली साहित्यकोश'मा कुनै पनि कुरालाई सिधै भन्नुको सट्टा घुमाएर, त्यसमा सौन्दर्य भरेर भन्ने प्रक्रियालाई नै पौरस्त्य साहित्यशास्त्रीहरूले वक्रोक्ति भनेका छन् भनिएको छ । ... अर्को शब्दमा त्यस्तो काव्य कथन जसले अलौकिक चमत्कार उत्पन्न गराउँछ त्यसैको नाम वक्रोक्ति हो । सौन्दर्य, विच्छिति, भङ्गी वा अन्य जे नाम दिए पनि त्यसले यसै घुमाउरोपनतिर सङ्केत गरेको हुन्छ (भँडारी, २०५५, पृ. ७३४) ।

वक्रोक्तिसिद्धान्तका प्रणेता आचार्य कुन्तकका दृष्टिमा काव्यको आत्मा भनेको वक्रोक्ति हो । काव्यात्मका रूपमा वक्रोक्तिको परिभाषा गर्दै कुन्तकले भनेका छन्–

वक्रोक्ति प्रसिद्धाभिधानव्यतिरेकिणी विचित्रैवाभिधा । कीदृशी वैदग्ध्यभंगीभणितिः । वैदग्ध्यं विदग्धभावः, कविकर्मकौशलं, तस्य भंगी विच्छतिः, तया भणितिः । विचित्रैवाभिधाः वक्रोक्तिरित्युच्चये (नगेन्द्र, सम्पा. भूमिका सन् १९५५, पृ. ३१) ।

उनका अनुसार प्रसिद्ध उक्तिभन्दा भिन्न विचित्र अभिधा अर्थात् वर्णनशैलीलाई वक्रोक्ति भनिन्छ । वैदग्ध्यपूर्ण शैलीका माध्यमबाट व्यक्त उक्तिलाई नै वक्रोक्ति हो । वैदग्ध्यको आशय हो– विदग्धता, कविकर्मकौशल, उसको भङ्गिमा वा शोभा (चारुता), त्यसका आधारमा भनिएको उक्ति (वक्रोक्ति हो) । विचित्र अभिधाको नाम नै वक्रोक्ति हो ।

यसरी वक्रोक्ति भनेको साहित्यमा अभिधा कथनभन्दा भिन्न र सामान्य लोकप्रचलितभन्दा फरक अर्थ दिने विशेष प्रकारको वाक्चातुर्यले भरिएको उक्ति वा भनाइ नै वक्रोक्ति हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

आचार्य कुन्तकले आफ्नो प्रसिद्ध ग्रन्थ 'वक्रोक्तिजीवितम्'मा वक्रोक्तिका विभिन्न छ भेदसहित तिनका उपभेदहरूको पनि चर्चा गरेका छन् । उनले वक्रोक्तिका उपभेदका कतिपय अवान्तर भेदहरूको समेत चर्चा गरेका छन् । उनको वक्रोक्ति वर्गीकरणमा काव्यका न्यूनतम घटक वर्णदेखि पद, वाक्य, प्रकरणहुँदै सिङ्गो प्रबन्धसम्मकै अङ्गहरूको विवेचना भएका कारण पनि पूर्वीय साहित्यशास्त्रमा आचार्य कुन्तक र 'वक्रोक्तिजीवितम्' ग्रन्थको विशेष भूमिका रहेको छ । उनका अनुसार वक्रोक्तिका वर्णविन्यासवक्रता, पदपूर्वार्द्धवक्रता, पदपरार्द्धवक्रता, वाक्यवक्रता, प्रकरणवक्रता र प्रबन्धवक्रता गरी छ भेदहरू रहेका छन् ।

वर्ण भाषाको न्यूनतम एकाइ हो । काव्यमा भाषाका न्यूनतम एकाइका रूपमा रहेका वर्णका तहमा देखिने तथा वर्णकै माध्यमबाट अभिव्यक्त हुने काव्यसौन्दर्य वा चारुतालाई वर्णविन्यासवक्रता भनिएको छ । पूर्ववर्ती आचार्यले व्याख्या गरेका अनुप्रास अलङ्कारका विभिन्न भेदहरूलाई कुन्तकले वर्णविन्यासवक्रताअन्तर्गत चर्चा गरेका छन् ।

एको द्वौ बहवो वर्णा बध्यामनाः पुनः पुनः

स्वल्पान्तरास्त्रिधा सोक्ता वर्णविन्यासवक्रता (कुन्तक १९५५, पृ. १६९) ।

*International Research Journal of MMC (IRJMMC)*
Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

एक, दुई वा धेरै वर्ण छोटो छोटो अन्तरालमा पटक पटक दोहोरिएर आउँदा रचनामा देखा पर्ने वक्रतालाई वर्णविन्यासवक्रता भनिन्छ।

वर्णविन्यासवक्रताले केवल व्यञ्जन वर्णको आवृत्तिलाई मात्र जनाउँछ। स्वरवर्णको आवृत्तिलाई कुन्तकले यस प्रकारको वक्रताअन्तर्गत समावेश गरेका छैनन्। वर्णविन्यासवक्रताअन्तर्गत कुन्तकले व्यञ्जन वर्णहरूको सौन्दर्यका विविध प्रकारहरूको विवेचना गरेका छन् (गुप्ता, सन् १९९०, पृ. १०९)।

यसरी वर्णविन्यासवक्रताले वर्णका माध्यमबाट साहित्यिक कृतिमा सिर्जना हुने चमत्कृति वा सौन्दर्यलाई जनाउँछ। वर्णविन्यासवक्रता भन्नाले कुनै पनि साहित्यिक अभिव्यक्तिमा विशेष प्रकारले सजाएर प्रयोग गरिएका वर्ण वा अक्षरबाट प्रकट हुने वैविध्य वा सौन्दर्य हो (अवस्थी २०५५, पृ. ५०)।

कुन्तकले वर्णविन्यासवक्रताका विभिन्न उपभेदहरूको समेत उल्लेख गरेका छन्। वर्णविन्यासवक्रताका यस्ता प्रकारहरूलाई विभिन्न विद्वान्ले फरक फरक ढङ्गले प्रस्तुत गरे पनि तिनको अन्तर्य प्रायः एउटै पाइन्छ। वर्णविन्यासवक्रतालाई व्यवधानयुक्त वर्णविन्यासवक्रता, व्यवधानविहीन वर्णविन्यासवक्रता, ध्वनितात्त्विक उच्चारणगत वर्णविन्यासवक्रता, भावानुकूल वर्णविन्यासवक्रता तथा यमक र यमकाभास वर्णविन्यासवक्रता गरी पाँच प्रकारमा वर्गीकरण गरिएको पाइन्छ। कुन्तक तथा अन्य विद्वान्का मतहरूलाई समेट्दै वर्णविन्यासवक्रतालाई निम्न प्रकारहरूमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ-

क) एकवर्णविन्यासवक्रता

ख) द्विवर्णविन्यासवक्रता

ग) बहुवर्णविन्यासवक्रता

घ) वर्गान्तयोगीस्पर्शीवर्णविन्यासवक्रता

ङ) तलनादिवर्णविन्यासवक्रता

च) रकारादिवर्णविन्यासवक्रता

### ३.१ एकवर्णविन्यासवक्रता

काव्यमा कुनै एउटै वर्णको आवृत्तिका माध्यमबाट सिर्जना हुने चमत्कार वा सौन्दर्यलाई एकवर्णविन्यासवक्रता भनिन्छ। छोटोछोटो अन्तरालमा कुनै समान वर्णको आवृत्ति भएर देखा पर्ने वर्णसौन्दर्यलाई एकवर्णविन्यासवक्रता भनिन्छ। यसमा स्वल्पान्तर रूपमा उनै वर्णहरू उस्तै रूपमा दोहोरिन्छन् (खनाल २०६८, पृ. ५२– ५३)। अलङ्कार सम्प्रदायका आचार्यले यसलाई एक प्रकारको शब्दालङ्कार मान्दछन्। यसमा कुनै एउटै वर्ण लगातार दोहरिएर आउँदा व्यवधानविहीन वर्णविन्यासक्रता हुन्छ भने वर्ण निश्चित अन्तरालमा दोहोरिएर आउँदा व्यवधानयुक्त वर्णविन्यासवक्रता हुन्छ। यसरी एउटै वर्णको आवृत्तिले सिर्जित काव्यचारुता नै एकवर्णविन्यासवक्रता हो।

### ३.२ द्विवर्णविन्यासवक्रता

यसमा छोटो अन्तरालमा कुनै दुई वर्णहरू आवृत्ति भई आउँछन्। त्यस्ता दुई वर्णको आवृत्तिबाट सिर्जित वर्णसौन्दर्य नै द्विवर्णविन्यासवक्रता हो। यसमा पनि कुनै दुई वर्णहरू लगातार दोहोएिर आए भने व्यवधानविहीन द्विवर्णविन्यासक्रता हुन्छ भने दोहोरिने वर्णहरू निश्चित अन्तरालमा दोहोरिएर आएमा व्यवधानयुक्त द्विवर्णविन्यासवक्रता हुन्छ।

### ३.३ बहुवर्णविन्यासवक्रता

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

काव्यमा तीन वा सोभन्दा बढी वर्णहरूको पटक पटकको आवृत्तिबाट सिर्जना हुने कृतिगत सौन्दर्यलाई बहुवर्णविन्यासवक्रता भनिन्छ । बहुवर्णविन्यासवक्रताका कारण काव्यमा अनुप्रासीयता, श्रुतिमधुरता तथा आह्लादकारिता उत्पन्न हुन्छ । यस्तो वक्रतामा तीन वा तीनभन्दा बढी समान वर्णहरूको पुनरावृत्ति पटक पटक हुने गर्दछ । यसमा पनि पूर्ववर्ती एकवर्ण र द्विवर्णविन्यासवक्रताजस्तै दुईभन्दा बढी वर्णहरू लगातार दोहोरिएर आएमा व्यवधानविहीन वर्णविन्यासक्रता हुन्छ भने त्यस्ता वर्णहरू निश्चित अन्तरालमा दोहोरिएर आए व्यवधानयुक्त वर्णविन्यासवक्रता हुन्छ ।

### ३.४ वर्गान्तयोगीस्पर्शीवर्णविन्यासवक्रता

देवनागरी लिपिमा ङ, ञ, ण, न, म वर्णहरूलाई पञ्चम वर्ण भनिन्छ । वर्गीय व्यञ्जनहरूका अन्त्यमा आउने यी व्यञ्जनहरू नासिक्य व्यञ्जन हुन् । यस्ता नासिक्य व्यञ्जनसँग त्यसै वर्गका स्पर्शी व्यञ्जनहरू जोडिएर आउँदा सिर्जना हुने वक्रतालाई वर्गान्तयोगीस्पर्शीवर्णविन्यासवक्रता भनिन्छ । यस्तो वक्रता ङ्क, ञ्च, ण्ट, न्त, म्प आदिको आवृत्तिका रूपमा आउने गर्छ (वर्मा २०१३, पृ. १७५) ।

### ३.५ तलनादिवर्णविन्यासवक्रता

त, ल, न आदिजस्ता वर्णहरूमा द्वित्व भएर ती द्वित्वको आवृत्तिबाट सिर्जना हुने वक्रता तलनादिवर्णविन्यासवक्रता हो । यसलाई कुन्तकले 'तलनादय' भनेका छन् । त, ल, न, वर्णहरूमा द्वित्व हुँदा क्रमहः 'त्त', 'न्न', 'ल्ल' हुन्छ । यस प्रकारको ध्वनिसंयोगको पटक पटक आवृत्ति हुँदा काव्यमा आउने रम्यता नै तलनादिवर्णविन्यासवक्रता हो । कुन्तकले 'तलनादय' अर्थात् त, ल, न, आदि भनेर अन्य वर्णहरूमा द्वित्व भएर तिनको आवृत्ति हुँदा पनि त्यसलाई तलनादिवर्णविन्यासवक्रता मान्नुपर्नेतर्फ सङ्केत गर्न खोजेका छन् । त–ल–नकारादि शब्दको तात्पर्य द्वित्व भई दोहोरिने जुनसुकै वर्णप्रयोगलाई बुझाउँछ (खनाल, २०६८, पृ. ५५) ।

### ३.६ रकारादिवर्णविन्यासवक्रता

'र' वर्ण 'रेफ' र् ( ् ) आदिका माध्यमबाट सर्जिना हुने उक्तिचमत्कारलाई रकारादिवर्णविन्यासवक्रता भन्न खोजिएको हो । यस्तो वक्रतालाई रेफादिवक्रता पनि भनिएको पाइन्छ । खासगरी वीररसपूर्ण र ओजिला काव्य अभिव्यक्तिमा यस प्रकारको वक्रताको प्रयोग उपयुक्त मानिन्छ ।

यीबाहेक आचार्य कुन्तकले परुषा, कोमला तथा उपनागरिका वृत्तिहरूलाई पनि वर्णविन्यास-वक्रताअन्तर्गत नै समावेश गरेका छन् । त्यस्तै यमक तथा यमकाभासलाई पनि उनले वर्णविन्यासवक्रताअन्तर्गत नै चर्चा गरेका छन् । यसरी वर्णगत प्रयोग तथा अनुप्रास अलङ्कारका सबै प्रकार, सबै वृत्ति, यमक तथा यमकाभास प्रयोग सबैलाई वर्णविन्यासवक्रतामा समेट्ने प्रयास कुन्तकद्वारा गरिएको छ र यो पूर्वीय काव्यशास्त्रकै एउटा महत्तम् उपलब्धि पनि हो ।

### ४. समकालीन नेपाली गद्यकवितामा वर्णविन्यासवक्रताको प्रयोग

समकालीन नेपाली कविता भन्नाले एकै समयमा लेखिएका नेपाली कविता भन्ने सामान्य अर्थ बुझिए पनि यस विषयमा नेपाली साहित्यमा विभिन्न मतभेदहरू रहेका छन् । हालसम्मको परिपाटीअनुसार वि.स. २०३६ पछिको समयलाई समकालका रूपमा व्याख्या गर्ने र तदोपरान्त लेखिएका कवितालाई समकालीन नेपाली कविता भन्ने आम धारणा नेपाली कवितामा विद्यमान छ । समकाल भनेको कुनै दुई (वा बढी) कविलेखकको लेखनको समकाल पनि हो र विविध सामाजिक, राजनीतिक, विश्वपरिवेशजन्य समान अभिलक्षण वा विशेषताहरूको समकाल पनि हो । त्यसैले यस आलेखका सन्दर्भमा समकाल भनेको वि.सं. २०७० पछिको समय हो र समकालीन नेपाली गद्यकविता भनेका तदुपरान्त लेखिएका नेपाली

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

गद्यकविता हुन् । यो समयमा लेखिएका नेपाली गद्यकवितामा वर्णविन्यासवक्रताको प्रयोग सार्थक र सुन्दर रूपमा भएको पाइन्छ । फरक फरक प्रकारका वर्णविन्यासवक्रताको प्रयोग भएका केही नमुनाहरू निम्न छन् :

**४.१ समकालीन नेपाली गद्यकवितामा एकवर्णविन्यासवक्रता**

समकालीन नेपाली कवितामा एउटै वर्णको पुनरावृत्तिबाट सिर्जना हुने वक्रताका केही नमुनाहरू तलका कवितांशमा औँल्याउन सकिन्छ-

४.१.१ मित्र मधेस

मेरो राष्ट्रवादमा तिम्रो मधेसको रङ उत्तिकै छ
त्यही मधेसको पानी मेरो रगतमा
बगिरहेको छ हरपल

(सिन्धुलीय, २०७७, पृ. ११८)

४.१.२ थाप,

पटुका वा पछ्यौरी जेसुकैमा थाप
रुमाल भएदेखि त्यसैमा थाप
म रित्याउन चाहन्छु
यो कविताको डालो

(अधिकारी, २०७२, पृ. ६४)

४.१.३ तिमी विज्ञानको विद्यार्थी

कारण र परिणामलाई विश्वास गर्ने
सजीव र निर्जीवको व्याख्या गर्ने
वनस्पति र प्राणीको वर्गीकरण गर्ने
के मान्छेको जस्तै वनस्पतिको जात पनि
ठुलो र सानो हुन्छ र ?

(माली, २०७५, पृ. ३०)

४.१.४ एकलास नदीकिनारामा

कतै बालुवा सिरानी हालेर
कतै बालुवै सिरक ओडेर
निदाइरहेका छन् विक्षिप्त घरहरू ।

(पराजुली, २०७४, पृ. ४३)

*International Research Journal of MMC (IRJMMC)*

Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

साक्ष्यका रूपमा प्रस्तुत माथिका कवितांशमा अधोरेखाङ्कन गरिएका वर्णहरू पटक पटक आवृत्ति भएर आएका छन् । उदाहरण ४.१.१ मा 'म' वर्ण, ४.१.२ मा 'प' वर्ण, ४.१.३ मा 'व' वर्ण र ४.१.४ मा 'र' वर्णको आवृत्तिलाई एकवर्णविन्यासवक्रताका सफल उदाहरण मान्न सकिन्छ । यो आवृत्तिका कारण कविताहरूमा समध्वन्यात्कमता सिर्जना भई कविताहरू लयात्मक बनेका छन् । यी कवितांशमा प्रायः एउटै वर्णहरू दोहोरिएर आएका कारण यहाँ एकवर्णविन्यासवक्रता देखा परेको छ । यस्तो प्रयोगका कारण सिर्जित एकवर्णविन्यासवक्रताले कवितालाई श्रुतिमधुर बनाएको छ ।

**४.२ समकालीन नेपाली गद्यकवितामा द्विवर्णविन्यासवक्रता**

समकालीन नेपाली कवितामा कुनै दुई वर्णको आवृत्तिका कारण सिर्जना भएका वक्रतालाई निम्न साक्ष्यका माध्यमबाट प्रस्ट्याउन सकिन्छ-

४.२.१ म तिम्रो देश
जल्दाजल्दै पनि बाँकी रहेको ठाउँबाट
तिम्रो लागि
भोलिको उज्यालो दिन जन्माउन चाहन्छु ।
(उप्रेती, २०७४, पृ. ८)

४.२.२ कसले कोऱ्यो सपना कोरल्ने आँखामा
विचारका धर्सा ?
कसले उभ्यायो दुई पाउ जमिनमा
भूगोलको पर्खाल ?
र किन थपिँदै छन् दुई हात आकाशमा
जाति, धर्म, जागरिकता र राज्यका ससाना धर्साहरू ?
(लोहनी, २९७६, पृ. १९)

४.२.३ म
आँखाले देखुन्जेलसम्मको
पीडाको मैदान भएको छु
ममाथि पीडानामका अनेक रूपहरू दौडिएका छन् ।
(बेल्बासे, २०७७, पृ. १०१)

४.२.४ आमा !
मलाई चोटहरू पनि मन पर्छन्
कहिलेकाहीँ लाग्छ
म मौन पाषाण बनूँ
म समय शिल्पीका कठोर चोटहरू सहूँ

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

र तिमीले सोचे जस्तै छोरा बनूँ

(श्रेष्ठ, सन् २०१९, पृ. ६)

माथिका उदाहरणका कवितांशमा रेखाङ्कन गरिएका वर्णहरूले कवितामा द्विवर्णविन्यासवक्रता सिर्जना गरेका छन्। यहाँ उदाहरण ४.२.१ मा 'म' र 'ज' वर्ण, उदाहरण ४.२.२ मा 'क' र 'र' वर्ण, ४.२.३ र ४.२.४ मा 'म' र 'न' वर्णहरू पुनरावृत्त भएर आउका छन्। यो आवृत्तिले कवितामा द्विवर्णविन्यासवक्रता सिर्जना गरेको छ। यसले कवितालाई तयात्कता प्रदान गरी श्रुतिरम्यसम्त बनाएको छ। त्यसैले यिनलाई द्विवर्णविन्यासवक्रताका सफल उदाहरण मान्न सकिन्छ।

**४.३ समकालीन नेपाली गद्यकवितामा बहुवर्णविन्यासवक्रता**

तीन वा सोभन्दा बढी वर्णहरूको आवृत्तिबाट काव्यमा सिर्जना हुने वक्रताको प्रयोगका केही साक्ष्यलाई निम्नानुसार देखाउन सकिन्छ-

४.३.१ हो, त्यो समय
मभन्दा धेरै रमाउने कोही हुने छ भने
त्यो आमाको चम्किलो ओठ हुने छ
या आफ्नै माटोको अनुहार हुने छ।

(खत्री, २०७५, पृ. २५)

४.३.२ साँचोमा वजनको वजन
सबैभन्दा बढी परीक्षण हुन्छ
वजनको वजन बिग्रेमा
सबैभन्दा नकाम हुन्छ

(खनाल २०७७, पृ. १६)

४.३.३ देउता रिसाएको बेला
न सेना आउँछ
न पुलिस आउँछ
न हेलिकोप्टर आउँछ
न आउँछ कुनै विदेशी राहतको डुङ्गा

(श्रेष्ठ, २०७६, पृ. ४)

४.३.४ बर्सौँ भयो
हुलिया बदलियो
लक्ष्य बदलिएन
जमाना फेरियो
गन्तव्य फेरिएन

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

पसिना बगाइरह्यो पानीभित्रै
निरन्तर बगिरह्यो
(पण्डित, २०७३, पृ. ५०)

४.३.५ जनता जाग्छ जुरुक्क जरामा
टक्टक्याउन टपर्टुइँया टाउकेको टाउको।

राज्य रातो रगत झैँ र
शासक सन्काहा स्वाँठ
कुण्ठित क्रुर कुल्च्याइ !

प्रतिरोध, प्रतिरोध, प्रतिरोध !

शासित सडकमा शहिद !

धरधर धर्मराउँछ धरमर धरती
पुनरावृत्ति पुनरावृत्ति पुनरावृत्ति !
(पोखरेल, २०७७, पृ. ८७)

माथिका साक्ष्यहरूले केही समकालीन नेपाली कवितामा पाइने बहुवर्णविन्यासवक्रतालाई प्रस्तुत गरेका छन् । यहाँ फरक फरक कवितांशमा भिन्न भिन्न वर्णहरू आवृत्त भएर आउका छन् । उदाहरण ४.३.१ मा 'म/न/ह/छ' वर्णहरू, उदाहरण ४.३.२ मा 'व/ज/न/ब' वर्णहरू, उदाहरण ४.३.३ मा 'न/छ/स' वर्णहरू र उदाहरण ४.३.४ मा 'ब/य/न/र' आवृत्त भएर आएका छन् । बहुवर्णविन्यासवक्रताको सबैभन्दा उत्कृष्ट प्रयोग उदाहरण ४.३.५ मा पाइन्छ । यस कवितांशमा धेरै वर्णहरू पटक पटक आवृत्ति भएका कारण कवितामा साङ्गीतिकता सिर्जना भएको छ । यस्ता समवर्णहरूको पुनरावृत्तिले कवितालाई श्रुतिरम्य र प्रभावकारी बनाएका छन् । तयसैले समकालीन नेपाली गद्यकवितामा यस प्रकारको वर्णवक्रता पनि व्यापक रूपमा प्रयोग भएको भेटिन्छ ।

**४.४ समकालीन नेपाली गद्यकवितामा वर्गान्तयोगीस्पर्शीवर्णविन्यासवक्रता**

ङ, ञ, ण, न, म जस्ता नासिक्य व्यञ्जनसँग त्यसै वर्गका स्पर्शी व्यञ्जनहरू जोडिएर आउँदा सिर्जना हुने वर्गान्तयोगीस्पर्शीवर्णविन्यासवक्रता उदाहरण पनि सकमालीन नेपाली कवितामा उल्लेख्य मात्रामा प्रयोग भएका पाइन्छन् । जस्तै-

४.४.१ फल्नु–नफल्नु आगतको रोजाइ हो,
तर उनलाई यति थाह छः

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* **Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)**

फलेन भने जिन्दगीको बाली
त्यस रिक्ततामा जीवन किन्ने सामर्थ्य
उनीसँग किञ्चित पनि छैन ।
(खतिवडा, २०७६, पृ. २८)

४.४.२ चरा हुर्र उडिगएपछि
प्रकम्पित बनेको हाँगाबाट
जिन्दगीलाई अन्तिम सलाम टक्राएर
सुकेको पात भुइँमा खसिरहँदा
पल्टिँदै/उल्टिँदै
उल्टिँदै/पल्टिँदै
त्यसैले लिएको भिन्न चाल र
गतिको मोहकतालाई पनि
म कुनै अनुच्छेदमा रूपान्तरण गर्न चाहन्थेँ
(राना, २०७५, पृ. २५९-२६०)

४.४.३ शान्त देखिने ठाउँदेखि नझुक्किनू साथी
यहाँ विद्यालयमा बमबारुदका कुरा हुन्छन्
संसद भवनमा ढाल्ने–ढलाउने संवाद हुन्छन्
जहाँ शान्तिक्षेत्र लुम्बिनी नै शान्त छैन
हो त्यहीँ बसेर देशलाई कोल्टे फेराउने कुरा हुन्छन्
अब योभन्दा कति कोल्ट्याउने हो देशलाई?
(खतिवडा, २०७६, पृ. ७१)

४.४.४ विस्मयले रुझेकै बखत
अर्को भित्तामा देख्ने छौ
चिम्टा, त्रिशूल, कमण्डलु, शङ्ख-घण्ट
ढ्याङ्ग्रो र थुप्रै बाजाहरू ।
(आभास, २०७३, पृ. २५)

रेखाङ्कित पञ्चम वर्णसँग जोडिएर आएका स्पर्शी व्यञ्जनहरूका कारण माथिका कवितांशमा वर्गान्तयोगीस्पर्शीवर्णविन्यासवक्रता देखा परेको छ । यसले यी कवितामा श्रुतिसौन्दर्य सिर्जना गरी कविताको लयसंरचनालाई

*International Research Journal of MMC (IRJMMC)*
Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

प्रभावोत्पादक बनाएका छन् । यस प्रकारको वक्रता पनि समकालीन नेपाली गद्यकवितामा उल्लेख्य रूपमा प्रयोग भएको देखा पर्छ ।

**४.५ समकालीन नेपाली गद्यकवितामा तलनादिवर्णविन्यासवक्रता**

समकालीन नेपाली गद्यकवितामा ल, ल, न वर्णको द्वित्व रूप 'त्त/ल्ल/न्न' का साथै अन्य वर्णहरूको द्वित्व भई आएका उदाहरणहरू पनि प्रशस्त पाइन्छन् । केही उदाहरण-

४.५.१ म इतिहास पढाउन खोज्छु
उनीहरू जङ्गली चरा जस्तै हल्ला गर्छन् !
म गणित पढाउन खोज्छु
उनीहरू पहाडी खोला जस्तै हल्ला गर्छन् !
म भाषा पढाउन खोज्छु
उनीहरू भाषा नै लाटो हुने गरी हल्ला गर्छन् !
म 'हल्ला नगर' भन्छु
उनीहरू फेरि हल्ला गर्छन् !
(ढकाल, २०७१, पृ. ३१)

४.५.२ बच्चामा
बाको इस्टकोटको खल्तीमा सधैँ चकलेट हुँदा
म सोध्ने गर्थें- "यी चकलेट कताबाट आउँछन् बा"

बा मुसुक्क हाँसेर टारिदिनुहुन्थ्यो ।

बल्ल थाहा पाएँ
ती चमलेट कताबाट आउँदा रहेछन् ।

आज
बाको खल्तीमा हात हाल्दा
पसिना र तमसुक भेटिए ।
(भट्ट, २०७५, पृ. २४३)

४.५.३. आफन्तले बाँझो देखेको मेरो दुनियाँ
परिस्थितिले गिज्याएको मेरो परिवेश

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

खोसिएछ नयनभित्रको मेरो आभा
भाइभतिजाका रहरका किनारहरू सजाएर
खुसीका भकारीहरू चुल्याइदिँदासम्म
कहिल्यै अभिभावक बन्न नसकेको म
सधैँजसो बाँझै देखिएका मेरा जिन्दगीका गराहरू
सबैलाई कैयौँपल्ट निकैबेरसम्म
हेरिरहेँ एकतमासले

(विवश, २०७१, पृ. ५९-६०)

४.५.४ कि त थाकल
मैतालोको तन्नेरी काँडा
मेरो मैलो कमिजको फेरो समाएर
झुन्डिरहन्थ्यो उबेला।
बाहुले कमिजको टाँक उप्किँदा होस्
या हात्तीछाप चप्पलको फित्ता चुँडिँदा
हनुमाने कट्टुको इँजार फुत्किँदा होस्
या हाफपाइन्टको फस्नर बिग्रेर
लाज उप्किन खोज्दा
उसैले जोगाएथ्यो मलाई।

(थेवा, २०७५, पृ. २५)

माथिका साक्ष्यहरूमा अधोरेखाङ्कन गरिएका वर्णहरू द्वित्व भएर आएका छन् । यसबाट यी कविताहरूमा तलनादिवर्णविन्यासवक्रता कायम हुन पुगेको छ । अरु प्रकारका वर्णवक्रताको तुलनामा यस प्रकारको वक्रता समकालीन नेपाली गद्यकवितामा केही कमै मात्रामा प्रयोग भएको देखिन्छ। र पनि, माथिका उदाहरणहरूमा यस प्रकारको वक्रताको सजह र स्वाभाविक प्रयोग भएको देखिन्छ।

**४.६ समकालीन नेपाली गद्यकवितामा रकारादिवर्णविन्यासवक्रता**

'र' वर्णका विवध रूपहरू 'रेफ' र् ( ࿒ ) आदिका माध्यमबाट सर्जिना हुने उक्तिगत चमत्कारको प्रयोग पनि समकालीन नेपाली गद्यकवितामा स्वाभाविक रूपमा भएको भेटिन्छ। यथा-

४.६.१ तिमीलाई बिर्सन खोज्दा
हृदयबाट रगतको बाटो हुँदै
निस्किएको तिमीप्रतिको प्रेम
सुन्दर कविता बन्यो

*International Research Journal of MMC (IRJMMC)*

**Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)**

र,

मानिसहरूले मलाई कवि माने ।

(तुम्खेवा, २०७५, पृ. २०)

४.६.२ फोर्टिन फेब्रुअरीको साँझ ताजमहल अगाडि उभिएर सोच्दै छु

मृत्यु भेट्टाउनकै लागि हामी परस्परमा प्रेम खोजिरहेका रहेछौँ

मृत्यु पर्खनकै लागि हामी आपस्तमा प्रेम गरिरहेका रहेछौँ ।

(शम्चू, २०७७, पृ. १५)

४.६.३ फुल्दै, हाँस्दै, घुम्दै चारचौरास

अन्ततः नबिर्सनु है फर्किन

तिमी बगेको भूगोलको उही खोला किनकि

तिम्री आमा

तिम्रो बिछोडको पीडामा बाटो हेर्दै

टोलाइरहने छिन्, पर्खिरहने छिन् हेर्न

हिलोसँगै फक्रिएको तिम्रो एक मुस्कान ।

(विश्वकर्मा २०७५, पृ. १४)

४.६.४ मानचित्र इतिहास टीठलाग्दो सुम्पन्छ मानचित्रलाई

शताब्दीभरि घिस्रिएर

अहो, रातहरू मात्र हिँडेर आइपुग्ने छन् यहाँसम्म ।

(माङलाक, २०७४, पृ. ६७)

माथिका उदाहरणहरूमा आएका 'रेफ' र् ( ्र ) जस्ता 'र' वर्णका विभिन्न रूपहरका कारण यी कवितामा रकारादिवर्णविन्यासवक्रताको स्वाभाविक प्रयोग भएको देखिन्छ । अन्य वर्णवक्रताका तुलनामा यस प्रकारको वर्णवक्रता केही कमै मात्रामा प्रयोग भएको भेटिए पनि यस्तो वक्रताका कारण कविताहरूको लयात्मक संरचना सबल बन्न पुगेको देखिन्छ ।

## ५. निष्कर्ष

दसौँ-एघारौँ शताब्दीका पूर्वीय आचार्य कुन्तकद्वारा प्रतिपादित वक्रोक्तिसिद्धान्त र त्यसअन्तर्गतको वर्णविन्यासवक्रताका आधारमा समकालीन नेपाली गद्यकवितामा वर्णविन्यासवक्रताको अध्ययन विश्लेषण गर्दा वि.स. २०७० को दशकपछि देखिएका अग्रज तथा नवयुवाकविहरूका कवितामा वर्णवक्रताका छओटै प्रकारहरूको समुचित प्रयोग भएको पाइयो । यसमा पनि प्राप्त साक्ष्यहरूलाई विश्लेषण गर्दा एकवर्णविन्यासवक्रता, द्विवर्णविन्यासवक्रता, बहुवर्णविन्यासवक्रता, वर्गान्तयोगीस्पर्शीवर्णविन्यासवक्रताको प्रयोग धेरै कविहरूका कवितामा सहज र स्वाभाविक रूपमा भएको पाइयो । तुलनात्मक रूपमा तलनादिवर्णविन्यासवक्रता र रकारादिवर्णविन्यासवक्रताको प्रयोग भने केही कमै मात्रामा भएको भेटियो । आचार्य कुन्तकले मूलतः संस्कृत भाषाका सन्दर्भमा वक्रोक्तिसिद्धान्तको आधारशिला तयार तयार गरेका हुन् तर संस्कृत र

*International Research Journal of MMC (IRJMMC)*
Vol. 2 Issue 2 (June, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

नेपाली भाषाका अभिलक्षणहरू केही फरक भएका कारण पनि यस्तो भएको सहज अनुमान गर्न सकिन्छ । निष्कर्षतः समकालीन नेपाली गद्यकवितामा वर्णविन्यासवक्रताको प्रयोग सफल, सार्थक र स्वाभाविक ढङ्गले भएको छ भन्न सकिन्छ ।

***

**सन्दर्भ ग्रन्थसूची**


अधिकारी, चैतन्य. (२०७५). *झरीको किनार*. पोखरा : पोखरेली युवा सांस्कृतिक परिवार ।

अवस्थी, महादेव. (२०५३). वर्णविन्यास वक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग. *गरिमा*, १६ (१२), पृ. ५०–५६. ललितपुर : साझा प्रकाशन ।

आप्टे, वामन शिवराम. (सन १९६९). *संस्कृत—हिन्दी कोश*. दिल्ली : मोतीलाल वनारसीदास ।

आभास, सीमा. (२०७३). *म स्त्री अर्थात् आइमाई*. काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

उपाध्याय, केशवप्रसाद. (२०५५). *पूर्वीय साहित्य सिद्धान्त* (ते. सं.). ललितपुर : साझा प्रकाशन ।

उप्रेती, भीष्म. (२०७४). *आधा उज्यालो*. काठमाडौँ : सारांश नेपाल ।

कुन्तक. *हिन्दी वक्रोक्तिजीवित*. (सन् १९५५). सम्पा. नगेन्द्र. (आचार्य विश्वेश्वर, सिद्धान्तशिरोमणि व्याख्याकार). दिल्ली : आत्माराम एन्ड सन्स ।

खतिवडा, अनिल. (२०७६). पर्खाइ. *उज्यालोका मालीहरू*. काठमाडौँ : शिखा बुक्स ।

खतिवडा, दीपिका. (२०७६). शान्ति. *उज्यालोका मालीहरू*. काठमाडौँ : शिखा बुक्स ।

खत्री, जीवन. (२०७५). *आगोको वर्णमाला*. काठमाडौँ : युरेका पब्लिकेसन ।

खनाल, श्यामप्रसाद. (२०६८) *मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना*. विद्यावारिधि शोधप्रबन्ध. दाङ : नेपाल संस्कृत विश्वविद्यालय ।

खनाल, सुवास. (२०७७). *सपनाका अवयव***.** काठमाडौँ : शाब्दिक बुक्स ।

गुप्ता, सुधा. (सन् १९९०). *वक्रोक्ति-सिद्धान्त और हिन्दी कविता*. नई दिल्ली : राधा पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद. (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति*. काठमाडौँ : पैरवी प्रकाशन ।

ढकाल, विप्लव. (२०७१). *च्याउको जङ्गल*. काठमाडौँ : याम्बुरी बुक प्वाइन्ट ।

तुम्खेवा, विमला. (२०७५). *हत्केलामा पृथ्वी लिएर उभिएको मान्छे***.** काठमाडौँ : साङ्ग्रिला बुक्स ।

थेवा, मुक्तान. (२०७५). *अखण्ड आलाप*. काठमाडौँ : साङ्ग्रिला बुक्स ।

पण्डित, प्रभाकर. (२०७३). *भोकको लय*. काठमाडौँ : शिखा बुक्स ।

पराजुली, तारा. (२०७४). *अर्को राजमार्ग*. काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

पोखरेल, बालकृष्ण र अन्य. (२०६७). *नेपाली बृहत् शब्दकोश*. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, सुमन. (२०७७). !. *कविता* (पूर्णाङ्क १६, २०७६ चैत-२०७७ असार). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, ईश्वर र अन्य. (सम्पा. २०५५). *नेपाली साहित्यकोश*. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* **Issue 2 (June, 2021)** **ISSN 2717-4999 (Online)** **2717-4980 (Print)**

बेल्बासे, ठाकुर. (२०७७). त्रासमा ईश्वर. *यतै कतै*. काठमाडौँ : बी.एन. पुस्तक संसार ।

भट्ट, शिखर. (२०७५). बाको इस्टकोट. *अनुहारको भीड*. काठमाडौँ : इन्डिगो इन्क ।

माङलाक, राज. (२९७४). *लिम्बुनी गाउँ*. काठमाडौँ : शिखा बुक्स ।

माली, लक्ष्मी. (२०७५). *तोरी फुलाएको खेत*. काठमाडौँ : साङ्ग्रिला बुक्स ।

राना, सुरज. (२०७५). बोध. *अनुहारको भीड*. काठमाडौँ : इन्डिगो इन्क ।

लोहनी, मणि. (२०७६). *मृत्युको अघिल्तिर*. काठमाडौँ : शिखा बुक्स ।

वर्मा, धीरेन्द्र तथा अन्य. (सन् २००९). *हिन्दी साहित्य कोश*. वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

वर्मा, हरिश्चन्द्र. (सन् २०१३). *भारतीय काव्यशास्त्र*. (द्वि. सं.). पंचकूला : हरियाणा ग्रन्थ अकादमी ।

विवश, हेमन्त. (२०७१). *सैपालको आँगन*. काठमाडौँ, : स्कलर्स पब्लिकेसन एन्ड प्रिन्टिङ प्रा.लि. ।

विश्वकर्मा, कृष्ण. (२०७५). *भोकको लय*. काठमाडौँ : बुलबुल प्रकाशन प्रा.लि. ।

शम्चू, दीपक. (२०७७). *अनुहारमा आप्पा*. विराटनगर : कृष्णभूषण बल स्मृति प्रतिष्ठान ।

श्रेष्ठ, रूपेश. (२०७६). *घिन्ताङ घिसी ट्वाक*. काठमाडौँ : बुक-हिल पब्लिकेसन ।

सिन्धुलीय, प्रोल्लास. (२०७७). मधेससँग. *यतै कतै*. काठमाडौँ : बी.एन. पुस्तक संसार ।

***